# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

# सूचना

*(दोस्रो पटक प्रकाशित मितिः २०७९।१०।११)*

आयोगको वार्षिक स्वीकृत कार्यक्रम अनुसार नेपालका विभिन्न विश्वविद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुबाट स्नातकोत्तर तहमा इन्टर्नशीप र थेसिस लेखन तथा विद्यावारिधि तहमा थेसिस लेखनसम्बन्धी कार्यक्रम रहेको छ। सो अध्ययन अनुसन्धान कार्यमा सहकार्य गर्न इच्छुक विश्वविद्यालयहरुले समझदारी पत्रमा हस्ताक्षर गर्नका लागि यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आयोगको नीति विश्लेक्षण तथा व्यवस्थापन महाशाखामा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ।

*पुनश्चः अध्ययन अनुसन्धानसँग सम्बन्धित विस्तृत जानकारी तथा प्रशिक्षार्थी परिचालन तथा शोध कार्यविधि, २०७८ आयोगको वेभसाइड www.nnrfc.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।*

# शोधपत्र लेखनका क्षेत्रहरु

शोधपत्र लेखनका लागि देहायका विषयहरु मध्येबाट शोधकर्ताले छनौट गर्न सक्नेछः-

क. प्राकृतिक स्रोतको परिचालनमा तीन तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार ।

ख. संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायलाई लगानी गर्न दिने आधार।

ग. संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई उपलब्ध गराउने विषय

घ. प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा तीन तहका सरकारका वीच उठ्न सक्ने विवादका विषयहरु र विवाद समाधानका उपायहरु

ङ. प्राकृतिक स्रोतको बाँडफाँडको अवधारणा र वातावरणीय प्रभाव मूल्याङ्कनमा आयोगको भूमिका

च. प्राकृतिक स्रोतको संरक्षण र उपयोगमा तीन तहका सरकारको भूमिका

छ. संघीय सञ्चित/विभाज्य कोषबाट संघ, प्रदेश र स्थानीय सरकार बीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण

ज. प्रदेश सञ्चित/ विभाज्य कोषबाट प्रदेश र स्थानीय तह बीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा

झ. संघ,प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने उपायहरु

ञ. संघ,प्रदेश र स्थानीय सरकारको राजस्व जिम्मेवारी पूरा गर्ने उपायहरु

ठ. संघ,प्रदेश सरकारको राजस्व बाँडफाँड आधारको पुनरावलोकन

ड. नेपाल सरकार, प्रदेश वा स्थानीय तहवीच राजस्व बाँडफाँड सम्बन्धमा उठ्न सक्ने विवाद समाधानका उपायहरु

ढ. संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानका आधारहरु

ण. राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानको आधार

त. संघ, प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमता पहिचान

थ. संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण

द. प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनका विधि र उपायहरु

न. वित्तीय समानीकरण अनुदानको उपयोगलाई प्रभावकारी बनाउने उपायहरु

प. वित्तीय समानीकरण अनुदान अन्तर्गत न्यूनतम अनुदान निर्धारणका आधारहरु र यसको उपादेयता

फ. वित्तीय समानीकरण अनुदान अन्तर्गत सूत्रमा आधारित अनुदान निर्धारणका आधारहरुमा परिमार्जन

ब. वित्तीय समानीकरण अनुदान अन्तर्गत कार्य सम्पादनमा आधारित अनुदानको महत्तम हिस्साको आकार

भ. प्रदेश र स्थानीय तहको वीचमा सवारी साधन कर बाँडफाँडका आधारहरु

म. प्राकृतिक स्रोत वन र संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँडका आधारहरु

य. प्राकृतिक स्रोत विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँडका आधारहरु

र. प्राकृतिक स्रोत पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँडका आधारहरु

ल. प्राकृतिक स्रोत खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँडका आधारहरु

व. पानी तथा पानीजन्य प्राकृतिक स्रोतको परिचालन र रोयल्टी संकलनको संभाव्यता

स. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुन सक्ने रोयल्टीको परिमाण र यसले मुलुक विकासमा गर्न सक्ने योगदान

श. प्राकृतिक स्रोतको परिचालन र संरक्षणमा ध्यान दिनुपर्ने विषयहरु

ष. रेडियो तरङ्ग (wave frequency), कार्बन व्यापार, वायू उर्जा, सौर्य उर्जा, फोहोर व्यवस्थापन लगायत प्राकृतिक स्रोतसंग सम्बन्धी विषयहरु

ह. जलवायु परिवर्तनका कारण प्राकृतिक स्रोतमा पर्न सक्ने प्रभाव र सो बाट रोयल्टी संकलनमा पर्न सक्ने प्रभाव सम्बन्धी विषयहरु

क्ष. आयोगले समय समयमा तोक्ने अन्य विषयहरु